" मीठे बच्चे– माया दुस्मन तिम्रो सामुन्नेमा छ , त्यसैले आफ्नो धेरै-धेरै सम्हाल गर्नु छ। यदि चल्दा-चल्दै मायामा फँस्यौ भने आफ्नो तकदिरको रेखा मेटाइदिन्छौ ।"

प्रश्नः– तिमी राजयोगी बच्चाहरूको मुख्य कर्तव्य के हो?

उत्तरः– पढ्नु र पढाउनु, यही तिम्रो मुख्य कर्तव्य हो। तिमी ईश्वरीय मतमा छौ। तिमीलाई कुनै जंगलमा जानु छैन। घर गृहस्थमा रहँदै शान्तिमा रहेर बाबालाई याद गर्नु छ। अल्फ र बे, यिनै दुई शब्दमा तिम्रो सारा पढाइ आउँछ।

ओम् शान्ति। बाबाले पनि ब्रह्माद्वारा भन्न सक्नुहुन्छ– प्यारा बच्चाहरू! गुडमर्निङ्ग। तर फेरि बच्चाहरूले पनि जवाफ दिनुपर्छ। यहाँ छ नै बाबा र बच्चाको सम्बन्ध। नयाँ जबसम्म पक्का हुँदैनन् केही न केही सोधिरहन्छन्। यो त पढाइ हो, भगवानुवाच पनि लेखिएको छ। भगवान हुनुहुन्छ निराकार। यो बाबाले राम्ररी पक्का गराउनु हुन्छ, कसैलाई सम्झाउनको लागि किनकि त्यसतर्फ छ मायाको जोड। यहाँ त त्यो कुरा छैन। बाबाले त सम्झनुहुन्छ– जसले कल्प पहिला वर्सा लिएका छन् उनीहरू आफैं आउने छन्। यस्तो होइन– फलानो नजाओस्, यसलाई पक्रिराख। जान्छ भने जाओस्। यहाँ त जीवन छँदै मर्ने कुरा छ। बाबाले आफ्नो बनाउनु हुन्छ, गोदमा लिनुहुन्छ केही वर्सा दिनको लागि। बच्चाहरू माता पिताको पासमा आउँछन् नै वर्सालको लालचमा। धनवानको बच्चा कहिल्यै गरिबका पासमा एडप्ट हुन्छ र! यति धन दौलत आदि सबै छोडेर कसरी आओस्। एडप्ट गर्छन् धनवानले। अहिले तिमीलाई थाहा छ– बाबाले हामीलाई स्वर्गको बादशाही दिनुहुन्छ। किन उहाँको नबन्ने। हर एक कुरामा लालच त रहन्छ। जति धेरै पढ्छौ त्यति बडी लालच हुन्छ। तिमीले पनि जानेका छौ– बाबाले हामीलाई एडप्ट गर्नु भएको छ बेहदको वर्सा दिन। बाबा भन्नुहुन्छ– तिमीहरू सबैलाई म फेरि ५ हजार वर्ष पहिला जस्तै एडप्ट गर्छु। तिमीले भन्छौ– बाबा म हजुरको हुँ। ५ हजार वर्ष पहिला पनि हजुरको बनेको थिएँ। तिमी वास्तवमा कति धेरै ब्रह्माकुमार-ब्रह्माकुमारी छौ। प्रजापिता पनि त प्रख्यात छन्। जबसम्म शूद्रबाट ब्राह्मण बनिदैन तबसम्म देवता बन्न सकिँदैन। तिमी बच्चाहरूको बुद्धिमा अहिले यो चक्र घुमिरहन्छ– हामी शूद्र थियौं, अहिले ब्राह्मण बनेका छौं फेरि देवता बन्नु छ। सत्ययुगमा हामीले राज्य गर्नेछौं। त्यसैले यस पुरानो दुनियाँको विनाश अवश्य हुनु छ। पूरा निश्चय बसेन भने फेरि जान्छन्। कोही कच्चा छन् जसकारण गिर्छन्, यो पनि ड्रामामा निश्चित छ। माया दुस्मन सामुन्ने खडा छ, त्यसैले उसले आफूतर्फ खिच्छ। बाबाले घरी-घरी पक्का गराउनु हुन्छ, मायामा नफँस, नत्र आफ्नो तकदिरको रेखा मेटाइदिन्छौ। बाबाले सोध्न सक्नुहुन्छ– पहिला कहिले मिलेका थियौ? अरू कसैलाई सोध्ने अक्कल आउँदैन। बाबा भन्नुहुन्छ– मलाई पनि फेरि गीता सुनाउन आउनु पर्छ। आएर रावणको जेलबाट छुटाउनु पर्छ। बेहदका बाबाले बेहदको कुरा सम्झाउनु हुन्छ। अहिले रावणको राज्य छ, पतित राज्य छ, जुन आधा कल्पदेखि सुरु भएको हो। रावणका १० शिर देखाउँछन्, विष्णुका ४ भुजा देखाउँछन्। यस्तो त कुनै मनुष्य हुँदैन। यो त प्रवृत्ति मार्ग देखाइन्छ। यो हो लक्ष्य-उद्देश्य, विष्णुद्वारा पालना। विष्णुपुरीलाई कृष्णपुरी पनि भनिन्छ। कृष्णका त २ हात नै देखाउँछन् नि। मनुष्यले त केही पनि बुझ्दैनन्। बाबाले हर एक कुरा सम्झाउनु हुन्छ। त्यो सबै हो भक्ति मार्ग। अहिले तिमीलाई ज्ञान छ, तिम्रो लक्ष्य-उद्देश्य हो नरबाट नारायण बन्ने। यो गीता पाठशाला हो नै जीवनमुक्ति प्राप्त गर्नको लागि। ब्राह्मण त अवश्य चाहिन्छ। यो हो रुद्र ज्ञान यज्ञ। शिवलाई रुद्र पनि भन्छन्। अब बाबा सोध्नुहुन्छ, ज्ञान यज्ञ कृष्णको हो वा शिवको हो? शिवलाई परमात्मा नै भनिन्छ, शंकरलाई देवता भनिन्छ। उनीहरूले फेरि शिव र शंकरलाई एउटै बनाइदिएका छन्। अहिले बाबा भन्नुहुन्छ– मैले यिनमा प्रवेश गरेको छु। तिमी बच्चाहरूले बापदादा भन्छौ। उनीहरूले शिव शंकर भन्छन्। ज्ञान सागर त हुनुहुन्छ नै एक।

अहिले तिमीलाई थाहा छ– ब्रह्मा नै विष्णु बन्छन् ज्ञानद्वारा। चित्र पनि एक्युरेट बनाउँछन्। विष्णुको नाभीबाट ब्रह्मा निस्किए। यसको अर्थ पनि कसैले बुझ्न सक्दैन। ब्रह्माको हातमा शास्त्र दिएका छन्। अहिले शास्त्रहरूको सार बाबाले बसेर सुनाउनु हुन्छ वा ब्रह्माले? यिनी पनि मास्टर ज्ञानसागर बन्छन्। बाँकी चित्र यति धेरै बनाएका छन्, ती कुनै यथार्थ होइनन्। ती सबै हुन् भक्तिमार्गका। मनुष्य कुनै ८-१० हात भएका हुँदैनन्। यो त केवल प्रवृत्ति

मार्ग देखाइएको हो। रावणको पनि अर्थ बताउनु भएको छ– आधाकल्प हुन्छ रावण राज्य, रात। आधाकल्प हुन्छ रामराज्य, दिन। बाबाले हर एक कुरा सम्झाउनु हुन्छ। तिमीहरू सबै एकै बाबाका सन्तान हौ। बाबाले ब्रह्माद्वारा विष्णुपुरीको स्थापना गर्नुहुन्छ र तिमीलाई राजयोग सिकाउनु हुन्छ। अवश्य संगममा नै राजयोग सिकाउनु हुन्छ। द्वापरमा गीता सुनाउनु भयो, यो त गलत हुन जान्छ। बाबाले सत्य बताउनु हुन्छ। धेरैलाई ब्रह्माको, कृष्णको साक्षात्कार हुन्छ। ब्रह्माको श्वेत पोसाक नै देख्छन्। शिवबाबा त हुनुहुन्छ बिन्दी। बिन्दीको साक्षात्कार हुने हो भने केही बुझ्न सक्दैनन्। तिमीले भन्छौ– हामी आत्मा हौं, अब आत्मालाई कसले देखेका छन्, कसैले छैनन्। त्यो त बिन्दी छ। बुझ्न सकिन्छ नि। जसले जुन भावनाले जसको पूजा गर्छन्, उनलाई त्यही साक्षात्कार हुन्छ। यदि अर्को रूप देखे भने अल्मलिन्छन्। हनुमानको पूजा गर्छन् भने उनलाई त्यही देखिन्छ। गणेशको पुजारीलाई त्यही देखिन्छ। बाबा भन्नुहुन्छ– तिमीलाई मैले यति धनवान बनाएँ, हीरा जुहारतका महल थिए, तिम्रो अनगिन्ती धन थियो, तिमीले त्यो सबै कहाँ गुमायौ? अहिले तिमी कङ्गाल बनेका छौ, भिख मागिरहन्छौ। बाबाले त भन्न सक्नुहुन्छ नि। अहिले तिमी बच्चाहरूले जान्दछौ– बाबा आउनु भएको छ, हामी फेरि विश्वको मालिक बन्छौ। यो ड्रामा अनादि बनेको छ। हरेकले ड्रामामा आफ्नो पार्ट खेलिरहेका छन्। कसैले एउटा शरीर छोडेर अर्को लिन्छन्, यसमा रुने के कुरा छ। सत्ययुगमा कहिल्यै रुदैनन्। अहिले तिमी मोहजित बनिरहेका छौ। मोहजित राजाहरू यी लक्ष्मी-नारायण आदि हुन्। त्यहाँ मोह हुँदैन। बाबाले अनेक प्रकारका कुरा सम्झाइरहनु हुन्छ। बाबा निराकार हुनुहुन्छ। मनुष्यले त उहाँलाई नाम-रूपदेखि अलग भनिदिन्छन्। तर नाम-रूपदेखि अलग कुनै चीज कहाँ हुन्छ र? हे भगवान, ओ गड फादर भन्छन् नि। त्यसैले नाम-रूप भयो नि। लिङ्गलाई शिव परमात्मा पनि, शिवबाबा पनि भन्छन्। वास्तवमा बाबा त हुनुहुन्छ नि। बाबाका अवश्य बच्चा पनि हुनुपर्छ। निराकारलाई निराकार आत्माले नै बाबा भन्छ। मन्दिरमा जाँदा उनलाई शिवबाबा भन्छन् फेरि घरमा आएर पितालाई पनि बाबा भन्छन्। अर्थ त बुझ्दैनन्, हामी उहाँलाई शिवबाबा किन भन्छौं! बाबाले महान पढाइलाई दुई अक्षरमा पढाउनु हुन्छ– अल्फ र बे। अल्फलाई याद गर्यौ भने, बे-बादशाही तिम्रो। यो ठूलो परीक्षा हो। मनुष्यलाई उच्च परीक्षा पास गरेपछि पहिलाको पढाइ कहाँ याद रहन्छ र! पढ्दा-पढ्दा अन्त्यमा सार बुद्धिमा आउँछ। यो पनि त्यस्तै हो। तिमीले पढ्दै आएका छौ। अन्त्यमा फेरि बाबा भन्नुहुन्छ– मनमनाभव, तब देहको अभिमान टुट्छ। यो मनमनाभवको बानी पर्ने हो भने अन्त्यमा पनि बाबा र वर्सा याद रहन्छ। मुख्य हो नै याद, कति सहज छ। त्यस पढाइमा पनि अहिले त थाहा छैन के के पढ्छन्। जस्तो राजा उनीहरूले त्यस्तै आफ्नो रीति चलाउँछन्। पहिला मन, सेर, पाउको हिसाब चल्थ्यो। अहिले त किलो आदि के के निस्किएका छन्। कति अलग अलग प्रान्त भएका छन्। दिल्लीमा जुन चीज एक रुपियाँमा सेर मिल्छ, मुम्बइमा मिल्छ दुई रुपियाँमा किनकि प्रान्त अलग-अलग हुन्। हरेकले सम्झन्छन्, हामी आफ्नो प्रान्तलाई भोकै कहाँ माछौं र! कति झगडा आदि हुन्छन्, कति हंगामा हुन्छ।

भारतवर्ष कति सम्पन्न थियो फेरि ८४ को चक्र लगाएर विपन्न बनेको छ। भन्छन्– हीरा जैसा जन्म अमोलक कौडी बदले खोया रे...। बाबा भन्नुहुन्छ– तिमी कौडीका पछाडि किन मर्छौ। अब त बाबाबाट वर्सा लेऊ, पावन बन। बोलाउँछौ पनि– हे पतित-पावन आउनुहोस्, पावन बनाउनुहोस्। त्यसैले यसबाट सिद्ध हुन्छ पावन थिए, अहिले छैनन्। अहिले हो नै कलियुग। बाबा भन्नुहुन्छ– पावन दुनियाँ बनाइसकेपछि पतित दुनियाँको अवश्य विनाश हुन्छ। त्यसैले नै यो महाभारत लडाई हो जुन यस रुद्र ज्ञान यज्ञबाट प्रज्ज्वलित भएको हो। ड्रामामा त यो विनाश हुने पनि निश्चित छ। पहिला-पहिला त बाबालाई साक्षात्कार भयो। देखे, यति ठूलो राजाई मिल्छ, तब धेरै खुशी हुन थाल्यो, फेरि विनाशको साक्षात्कार पनि गराउनु भयो। मनमनाभव, मध्याजी भव। यी गीताका अक्षर हुन्। कुनै कुनै गीताका अक्षर ठीक छन्। बाबा पनि भन्नुहुन्छ– तिमीलाई यो ज्ञान सुनाउँछु, यो फेरि प्राय: लोप हुन्छ। कसैलाई पनि थाहा छैन– लक्ष्मी-नारायणको राज्य हुँदा अरू कुनै धर्म थिएन। त्यस समय जनसंख्या कति थोरै हुन्छ, अहिले कति छ। त्यसको लागि यो चेन्ज हुनुपर्छ। अवश्य विनाश पनि हुनुपर्छ। महाभारत लडाई पनि छ। अवश्य भगवान पनि हुनुपर्छ। शिवजयन्ती मनाउँछन् भने शिवबाबाले आएर के गर्नुभयो? त्यो पनि जानेका छैनन्। अब बाबा सम्झाउनु हुन्छ– गीताद्वारा कृष्णको आत्मालाई राजाई मिल्यो। माता-पिता भनिन्छ गीतालाई, जसद्वारा फेरि तिमीहरू देवता बन्छौ। त्यसैले चित्रमा पनि देखाइएको छ– कृष्णले गीता सुनाएनन्। कृष्ण त गीताको ज्ञानद्वारा राजयोग सिकेर यस्तो बने, भोलि फेरि कृष्ण बन्छन्। उनीहरूले फेरि शिवबाबाको बदलामा कृष्णको नाम राखिदिए। त्यसैले बाबा सम्झाउनु हुन्छ– यो त आफूभित्र पक्का निश्चय गर, कसैले उल्टो-सुल्टो कुरा सुनाएर तिमीलाई गिराइ नदेओस्। धेरै कुरा सोध्छन्– विकार विना सृष्टि कसरी चल्छ? यो

कसरी हुन सक्छ? अरे, तिमी स्वयं भन्छौ– त्यो निर्विकारी दुनियाँ थियो। सम्पूर्ण निर्विकारी भन्छौ नि, फेरि विकारको कुरा कसरी हुन सक्छ? अब तिमीलाई थाहा छ– बेहदका बाबाबाट बेहदको बादशाही मिल्छ भने यस्तो बाबालाई किन याद नगर्ने? यो हो नै पतित दुनियाँ। कुम्भ मेलामा कति लाखौं जान्छन्। भन्छन्– त्यहाँ एउटा नदी गुप्तमा छ। अब नदी कहाँ गुप्त हुन सक्छ? यहाँ पनि गऊमुख बनाएका छन्। भन्छन्– गंगा यहाँ आउँछिन्। अरे, गंगा आफ्नो मार्ग लिएर समुद्रमा जान्छिन् कि यहाँ तिम्रो पहाडमा आउँछिन्। भक्तिमार्गमा कति धक्का छ। ज्ञान, भक्ति फेरि छ वैराग्य। एक हुन्छ हदको वैराग्य, दोस्रो हुन्छ बेहदको। संन्यासीहरू घरबार छोडेर जंगलमा रहन्छन्, यहाँ त त्यो कुरा हुँदैन। तिमीले बुद्धिद्वारा सारा पुरानो दुनियाँको संन्यास गर्छौ। तिमी राजयोगी बच्चाहरूको मुख्य कर्तव्य हो पढ्नु र पढाउनु। अब राजयोग कहाँ कुनै जंगलमा सिकाइन्छ र! यो स्कुल हो। शाखाहरू निस्कँदै जान्छन्। तिमी बच्चाहरूले राजयोग सिकिरहेका छौ। शिवबाबाद्वारा पढेका ब्राह्मण-ब्राह्मणीहरूले सिकाउँछन्। एक शिवबाबाले कहाँ बसेर सबैलाई सिकाउनु हुन्छ र! त्यसैले यो भयो पाण्डव सरकार। तिमी छौ ईश्वरीय मतमा। यहाँ तिमी कति शान्तिमा बसेका छौ, बाहिर त अनेक हंगामा छन्। बाबा भन्नुहुन्छ– ५ विकारको दान दियौ भने ग्रहण छुट्छ। मेरो बन्यौ भने म तिम्रा सबै मनोकामनाहरू पूरा गरिदिन्छु। तिमी बच्चाहरूलाई थाहा छ– अब हामी सुखधाममा जान्छौं, दु:खधामलाई आगो लाग्छ। बच्चाहरूले विनाशको साक्षात्कार पनि गरेका छन्। अझै समय धेरै छ, त्यसैले यादको यात्रामा लाग्यौ भने विकर्म विनाश हुन्छ र उच्च पद पाउने छौ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) बाबाको वर्साको पूरा अधिकार लिनको लागि जीवन छँदै मर्नु छ। बाबाको बच्चा बन्नु छ। कहिल्यै पनि आफ्नो उच्च तकदिरलाई मेटाउनु छैन।

२) कुनै पनि उल्टो-सुल्टो कुरा सुनेर संशयमा आउनु छैन। थोरै पनि निश्चय नहल्लियोस्। यस दु:खधामलाई आगो लाग्नेवाला छ, त्यसैले यसबाट आफ्नो बुद्धियोग निकाल्नु छ।

वरदानः– समस्याहरूलाई समाधान रूपमा परिवर्तित गर्ने विश्व कल्याणी भव

म विश्व कल्याणी हुँ– अब यस श्रेष्ठ भावना, श्रेष्ठ कामनाको संस्कारलाई इमर्ज गर। यो श्रेष्ठ संस्कारको अगाडि हदको संस्कार स्वत: समाप्त भएर जान्छ। समस्याहरू समाधानको रूपमा परिवर्तित हुन पुग्छन्। अब युद्धमा समय नगुमाऊ, विजयीपनको संस्कार इमर्ज गर। सबै कुरा सेवामा लगायौ भने मेहनतबाट छुट्छौ। समस्याहरूमा जानुको सट्टा दान दियौ, वरदान दियौ भने स्वको ग्रहण स्वत: समाप्त हुन जान्छ।

स्लोगनः– कसैको कमी कमजोरीहरूलाई वर्णन गर्नुको सट्टा गुण स्वरूप बन, गुणहरूको नै वर्णन गर।